म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष ११, अंक २९९ मंगलबार २४ जेठ २०७९ ने. सं. ११४२ तछलाथ्व 7 Jun, 2022 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

डढेलो नियन्त्रण गरौं, बातावरण जोगाऔं।

डढेलोले,

- वनमात्र नभई जैविक विविधता र सम्पदा पनि नष्ट गर्दछ,
- वातावरणीय प्रदूषण बढाउँछ,
- बाढीपहिरो तथा भूक्षय बढाउँछ,
- पानीको मूल सुकाउँछ,

त्यसैले, वन पैदावारको संकलन तथा खेती किसानी गर्दा आगोको प्रयोग गर्दा सावधानी अपनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## इम्बोस्ड नम्बर यातायात कार्यालय हेटौंडाबाट पनि जडान हुने

साझाकुरा संवाददाता

हेटौंडा, २३ जेठ/ नयाँ आर्थिक वर्ष सुरु भएसँगै बागमती प्रदेशमा दर्ता कायम भएका सवारीसाधनमा इम्बोस्ड नम्बर प्लेट जडान अनिवार्य गरिने भएको छ ।

यातायात व्यवस्था विभागले हेटौंडासहित बागमती प्रदेशभरि साउन १ गतेदेखि सबैखाले सवारीसाधनलाई अनिवार्यरूपमा इम्बोस्ड नम्बर प्लेट जडान गर्नुपर्ने जनाएको हो । उक्त नियम साउन १ गतेदेखि नै लागू हुनेछ । यदि सवारीसाधनमा इम्बोस्ड नम्बर नगरिए यायायात विभागले कारबाही गर्ने चेतावनीसमेत दिएको छ ।

सरकारले जबर्जस्ती इम्बोस्ड नम्बर राख्न लगाएको भन्दै यतिबेला सर्वत्र आलोचना भइरहेको छ । सरकारले हाल बागमती र गण्डकी प्रदेशमा दर्ता भएका सवारी साधनमा इम्बोस्ड नम्बर अनिवार्य गरेको छ ।

सरकारले साउन १ गतेबाट इम्बोस्ड नम्बर जडान नगरेको सवारीलाई कारबाही गर्ने भएपछि बागमती प्रदेशको राजधानी हेटौंडास्थित यातायात व्यवस्था कार्यालयमा पनि इम्बोस्ड नम्बर जडान कार्य हुने भएको छ । सुरुमा बागमती प्रदेशको एकान्तकुना र गुर्जुधारास्थित यातायात कार्यालयमा




मात्रै व्यवस्था गरिएकोमा हाल प्रदेश राजधानी हेटौंडा र चितवन लगायतको अन्य कार्यालयहरुबाट इम्बोस्ड नम्बर जडान गरिने व्यवस्था गरिएको हो ।

बागमती प्रदेशको श्रम, रोजगार तथा यातायात मन्त्रालयका प्रवक्ता हरिहर पोखरेलले हेटौंडास्थित यातायात कार्यालयबाटै इम्बोस्ड नम्बर वितरण गर्नको लागि सबै तयारी भइसकेको बताए ।

इम्बोस्ड नम्बर जडान गर्नको लागि आवश्यक कर्मचारी काठमाडौंबाटै आउनुपर्ने भन्दै पोखरेलले अन्य तयारी भने भइसकेको बताए । उनको अनुसार सवारी दर्ता भएको यातायात कार्यालयमा निवेदन लेखेर दिएपछि सरकारले तोकेको राजश्व बुझाउनुपर्छ । त्यसपछि आवश्यक प्रक्रिया सकिएर एकै दिनमा इम्बोस्ड नम्बर आउनेछ । सरकारले इम्बोस्ड प्लेट जोड्न दुई पांग्रेको हकमा २५ सय, टेम्पोलगायत तीनपांग्रे साना सवारीमा यो प्लेट जोड्न दुई हजार ९ रुपैयाँ र कार, जीप, भ्यान र ट्र्याक्टरलगायत चारपांग्रेलाई ३२ सय रुपैयाँ शुल्क तोकेको छ ।

ठूला सवारीले इम्बोस्ड प्लेट राख्न ३६ सय रुपैयाँ शुल्क तिर्नुपर्छ । सरकारले राष्ट्रपतिको सवारीसाधनलाई निशान छापसहितको नम्बर दिएको छ । सरकारी र संस्थानलाई सेतो प्लेटमा रातो नम्बर छ भने कूटनीतिकको हकमा सेतो प्लेटमा नीलो नम्बर छ । निजी सेतो प्लेट र भाडाका सवारीसाधनलाई पहेंलो प्लेटमा कालो नम्बर राख्ने व्यवस्था गरिएको छ । यो नम्बर प्लेटको बाहिरी भागमा सवारीको नम्बर उल्लेख गरिन्छ ।

धातुको प्लेटमा लेखिएका अक्षरहरू बाहिर देखिने गरी उठेका हुन्छन् । यो नम्बर प्लेट एकपटक जडान गरेपछि निकाल्न मिल्दैन । निकालेमा त्यसलाई काट्नैपर्छ । त्यसैकारण कसैले पनि सवारी चोरी गरेर चलाउन नसक्ने दाबी गरिएको छ । प्रहरीले हातैमा बोक्ने रिडर मेसिनले इम्बोस्ड नम्बर प्लेटलाई सहजै चेकजाँच गर्न सक्छ ।

इम्बोस्ड नम्बर प्लेट जडान भएका सवारीमा विभागले विद्युतीय स्टिकर टाँस्छ । त्यो स्टिकरमा सवारीका विस्तृत विवरणहरु राखिन्छन् । यो नम्बर प्लेटमा राखिने प्रविधियुक्त चिप्सभित्र पनि सवारी धनी र सवारीका विभिन्न विवरणहरु हुन्छन् । जसका आधारमा प्रहरीले सवारीको विस्तृत विवरण तुरुन्त लिन सक्छ ।

यस्तै, शहरका विभिन्न भाग र राजमार्गहरुमा इम्बोस्ड नम्बर प्लेटलाई रिड गर्ने मेसिनसहितको गेट राख्ने योजना पनि छ । जसलाई पार गर्ने जुनसुकै सवारीका सबै विवरणलाई मेसिनले रिड गरेर कम्प्युटरमा 'अटो इन्ट्री' गर्नेछ । यसबाट कुन सवारी कुन क्षेमा छन् भन्ने थाहा पाउन समय लाग्दैन ।

## भैरवडाँडामा १८ फिट उचाइको धरहरा निर्माण

हेटौंडा, २३ जेठ/ हेटौंडा उपमहानगरपालिका वडा नम्बर १ को भैरबडाँडामा १८ फिट उचाइको धरहरा निर्माण गरिएको छ ।

बागमती प्रदेशको राजधानी समेत रहेको हेटौंडाको पर्यटकीय स्थल भैरबडाँडामा पर्यटकलाई आकर्षित गर्न १८ फिट उचाइको धरहरा निर्माण गरिएको हो । भैरवडाँडाको पाथिभरा मन्दिर नजिकै चोकमा पर्यटकलाई आकर्षित गर्ने उद्देश्यले उक्त धरहरा निर्माण गरिएको वडा अध्यक्ष सविन न्यौपानेले बताए ।

हेटौंडा उपमहानगर पालिकाको आर्थिक सहयोगमा उक्त धरहरासहित पाथिभरा मन्दिर जाने सडक र मन्दिरमा शौचालय निर्माण भएको छ । करिब १६ लाख बजेटमा उक्त धरहरासहित पाथिभरा मन्दिर जाने सडक र मन्दिरमा शौचालय बनेको बताइएको छ । उक्त धरहरा काठमाडौको नौ तले धरहरा जस्तै रहेको छ । पाथिभरा मन्दिरसँगै उक्त क्षेत्रमा मनमोहन भ्यु टावरसमेत रहेको छ । नेपालका प्रथम कम्युनिष्ट प्रधानमन्त्री मनमोहन अधिकारीको नामबाट नामाकरण गरिएको उक्त भ्यु टावरबाट विना दूरविन हेटौंडा सहरको मनोरम दृश्यावोलकन गर्न सकिन्छ ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

सेवाहरु:



- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

## माओवादीले गर्‍यो पार्टीको बिधान विपरीत काम गर्नेलाई कारबाही

साझाकुरा संवाददाता

हेटौंडा, २३ जेठ/ नेकपा (माओवादी केन्द्र) हेटौंडा उपमहानगरपालिका समितिले तीन जना नगर सचिवालय सदस्यलाई कारबाही गरेको छ ।

स्थानीय तह निर्वाचनमा पार्टीको बिधान विपरीत गतिविधि गरेको भन्दै माओवादी केन्द्रको हेटौंडा उपमहानगरपालिका समितिले तीन जना नगर सचिवालय सदस्यलाई कारबाही गरेको हो ।

नेकपा माओवादी केन्द्र हेटौंडा उपमहानगर कमिटि सचिवालय सदस्य तथा हेटौंडा वडा नम्बर १७ वडा समितिका इन्चार्ज शंकरबहादुर राउत र सचिवालय सदस्य तथा वडा नम्बर १० समितिका इन्चार्ज सन्तोष न्यौपानेलाई पार्टीको सबै जिम्मेवारी बाट मुक्त गर्दै साधरण सदस्य नरहने गरी कारबाही गरेको जनाएको छ । साथै नगर सचिवालय सदस्य गिता कार्कीले पार्टी परित्याग गरेकोले साधरण सदस्य नरहने गरी हटाइएको नगर कमिटि अध्यक्ष तीर्थ थापामगरले बताए ।

बैठकले नगर समिति सचिवालय सदस्य तीन जना, नगर सदस्य दुई जना र वडा समितिका अध्यक्ष एक जनालाई लिखित तथा मौखिक स्पष्टिकरण सोध्ने निर्णय गरेको उनले जानकारी दिए ।

हेटौंडा १७ नम्बर वडा समितिको इन्चार्ज प्रदीप अर्याल र १० नम्बर वडा समितिको इन्चार्जमा ज्ञानेन्द्रबहादुर कार्कीलाई जिम्मेवारी दिइएको मगरले बताए । बैठकमा स्थानीय तह दोस्रो निर्वाचनसम्बन्धी समिक्षा गरिएको थियो ।

नेकपा माओवादी केन्द्र हेटौंडा उपमहानगर समितिका सदस्यहरु, वडा समितिका इन्चार्ज, सह इन्चार्ज, वडा अध्यक्ष तथा सचिवहरुले २०७९ वैशाख ३० गते सम्पन्न स्थानीय तह दोस्रो निर्वाचनमा नगरभित्रको अ-आफ्नो कार्यक्षेत्रको संगठनात्मक गतिविधि, चुनावी गतिविधि, गठबन्धनको नीति, समस्या, चुनौतीलगायत सबल र दुर्बल पक्षको विषयमा समिक्षात्मक रिपोर्ट प्रस्तुत गरेका थिए ।

बैठकले सबै वडा समितिको समिक्षात्मक बैठक मिति २०७९ जेठ २७ गतेसम्म बसिसक्ने निर्णय गरेको छ । स्थानीय तह दोस्रो निर्वाचन हेटौंडा उपमहानगर पालिकामा गठबन्धनबाट निर्वाचित प्रमुख, उपप्रमुख, वडा अध्यक्ष लगायत सम्पूर्ण जनप्रतिनिधिहरुलाई हार्दिक बधाई तथा सफल कार्यकालको शुभकामना समेत गरिएको नगर अध्यक्ष मगरले बताए ।

नगर समितिका अध्यक्ष मगरको अध्यक्षता तथा नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का केन्द्रीय सदस्य प्रमिला पुलामीको प्रमुख आतिथ्यतामा बैठक बसेको हो ।

बैठकमा जिल्ला समन्वय समितिका संयोजक सर्केस घलान (मधु), सचिव भीम पाख्रिन, हेटौंडा उपमहानगरपालिका इन्चार्ज विवके राई, जिल्ला समन्वय समितिका सदस्यहरुलगायतको उपस्थिति थियो ।

स्थानीय तह सहीद स्मृति गोल्डकप
अन्तर्राष्ट्रिय फुटबल प्रतियोगिता
चौथो संस्करण-२०७९ मकवानपुर

सहभागी टिमहरु: मनाङमर्स्याङ्दी क्लब, त्रिभुवन आर्मी क्लब, नेपाल पुलिस क्लब, एपीएफ क्लब, फ्रेण्डस् क्लब, खुमलटार युथ क्लब, नव जनजागृती क्लब सिमरा, बागमती युवा क्लब सर्लाही, विजय युथ क्लब हेटौंडा, बीएफसी चितवन, एभिनियर एफसी क्यामरुन र चर्चब्वाइज क्लब

२०७९ जेठ १९ देखि २८ गतेसम्म

स्थान : पिप्ले क्याम्पा रंगशाला खेल समय : दिउँसो ३ बजे,

मुख्य प्रायोजक :
हेटौंडा उपमहानगरपालिका, थाहा नगरपालिका, बागमती गाउँपालिका, बकैया गाउँपालिका, मकवानपुरगढी गाउँपालिका, इन्द्रसरोबर गाउँपालिका, राक्सिराङ गाउँपालिका, भीमफेदी गाउँपालिका, कैलाश गाउँपालिका, मनहरी गाउँपालिका र जिल्ला समन्वय समिति मकवानपुर

विशेष सहयोगी :
प्रदेश खेलकुद विकास परिषद् बागमती प्रदेश, हेटौंडा
पुरन बहादुर जोशी
हटौंडा स्कुल अफम्यानेजमेन्ट

आयोजक
मकवानपुर जिल्ला फुटबल संघ हेटौंडा

हेटौंडालाई Green City बनाउने उद्देश्यसहित
सुन्दर नगरी हेटौंडामा बिक्री
शुभारम्भ

YADEA
e-SCOOTERS



GRAND OPENING

Offer
रू.१०,०००।-
नगद छुट

YADEA e-SCOOTER का विशेषताहरु:
- Full Charge गर्न ४-५ घण्टा लाग्ने ।
- Full Charge ले १०० किमी कुद्ने ।
- २००० वाट क्षमता भएकोले एकपटक Full Charge गर्दा १.५ युनिट विद्युत् खपत ।
- ट्यूबलेस टायर
- ब्याट्रिमा एक वर्ष वारेन्टी

बर्षा ई-अटोमोबाइल्स
हेटौंडा-२, चौकीटोल (भाटभटेनी नजिकै)
प्रो. सबी भण्डारी ९८५५०६७४६०

साझाकुरा

## हाम्रो कुरा

# प्रादेशिक संरचना बनाउन पहलकदमी जरुरी

देश संघीयतामा गएसंगै सात वटा प्रदेश सरकार निर्माण भएका छन् । सबै प्रदेश सरकारहरु स्थायित्वको चरणमा छन् । प्रदेश राजधानीलाई स्थायी बनाउने निर्णयसंगै अब प्रदेशस्तरमा हुनुपर्ने विभिन्न सरकारका अंगहरुको संरचना निर्माण महत्वपूर्ण चुनौतीको रुपमा खडा भएको छ । प्रदेशको नामाकरण र राजधानी रहने स्थान तोकिएपछि अब त्यो स्थानमा सरकारले दैनिक कार्यसञ्चालनको लागि स्थापना गर्नुपर्ने विभिन्न प्रादेशिक संरचनाहरु बनाउन आवश्यक देखिएको छ । तर, पछिल्लो समय प्रादेशि संरचना बनाउन सरकारले गठन गरेको प्रशासनिक भवन जग्गा पहिचान समिति यतिखेर जग्गाको टुंगो नलागेर अलमलमा परेको छ । आगामी आर्थिक वर्षमा प्रादेशिक संरचना बनाउन बजेट छुट्याउने तयारीमा जुटेको बागमती प्रदेश सरकार स्थानीय तह र संघीय सरकारद्वारा भोगचलनको अनुमति नदिँदा अलमलमा परेको हो ।

हेटौंडा उपमहानगरपालिका बागमती प्रदेश सरकारको राजधानी हो । जग्गा पहिचान समितिले हेटौंडा उपमहानगर पालिकाको विभिन्न वडाको आठ स्थानमा गरी कूल १९५ दशमलव २७ विगाह क्षेत्रफल जग्गा पहिचान गरेर अनुमतिको लागि संघीय सरकारसमक्ष पेश गरेको छ । तर, संघीय सरकारले अनुमति प्रदान गरेको छैन । यता, हेटौंडा उपमहनगरपालिकाले पनि वडा नं. ६ को चित्रेपानी र १७ को डिपोचौरको मात्रै जग्गा उपलब्ध गराउने निर्णय गरेको छ । यसबाट प्रादेशिक संरचना बनाउन प्रदेश सरकारलाई पर्याप्त जग्गा नहुने भान पर्न गएको छ । बागमती प्रदेशको राजधानीलाई सहज र सुव्यवस्थित ढंगबाट सञ्चालन गर्न प्रादेशिक संरचना बनाउनै पर्छ । त्यसको लागि हेटौंडा उपमहानगरपालिकाले जग्गा उपलब्ध गराउन कन्जुस्याइँ गर्नै हुन्न ।

प्रदेश सरकारले संघीय सरकारसमक्ष पहलकदमी गरेर स्थानीय हेटौंडा उपमहानगरपालिकासंग समन्वय गरेर आवश्यक जग्गा व्यवस्थापन गर्नुपर्छ । प्रदेशको राजधानी हेटौंडामा कायम गर्न आवश्यक जग्गा उपलब्ध गराउन सबैले आआफ्नो स्थानबाट मेहनत गर्नुपर्छ । प्रदेश राजधानी हेटौंडामै कायम हुनुपर्छ । यतातर्फ सबैको ध्यान जाओस् ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक


## भोलिको पात्रो

भोलि वि.सं. २०७९ जेठ २५ गते बुधबार ८ जुन २०२२ । जेष्ट शुक्लपक्ष्य नवमी । तछलाथ्व नवमी ११४२ । सुर्योदय: ५:१०, सुर्यास्त: ६:५७ मा हुनेछ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : परिवारमा सुखद माहौल रहनेछ | तुला | : समाजमा सराहना हुनेछ |
| वृष | : अहंकारको भावले काम विगार्नेछ | वृश्चिक | : मन प्रसन्न रहनेछ |
| मिथुन | : धार्मिक कार्यको अवसर मिल्नेछ | धनु | : विरोधी परास्त हुनेछन् |
| कर्कट | : सभा-समारोहमा अवसर मिल्नेछ | मकर | : व्यापारमा लाभ हुनसक्नेछ |
| सिंह | : आत्मविश्वासमा कमी आउनेछ | कुम्भ | : काममा सफलता मिल्नेछ |
| कन्या | : व्यापारमा हानि हुन सक्नेछ | मीन | : अधुरा कामहरु पूरा हुनेछ |

# के अझै बाँकी छ वाम एकताको औचित्य ?



शिरीषवल्लभ प्रधान



हामीकहाँ कहिले प्रजातान्त्रिक शक्तिहरुबीच एकताको कुरा चल्ने गर्छ त कहिले वामपन्थी शक्तिहरुबीच एकताको चर्चा, परिचर्चा हुने गरेको पाइन्छ । झण्डै दुई तिहाइको केपी ओली नेतृत्वको वामपन्थी सरकार आफ्नै कारण ढलेपछि गत वर्ष काँग्रेस र नेकपा माओवादी केन्द्र र नेकपा एकीकृत समाजवादी लगायतका पार्टीहरुबीच सहकार्य भयो । पाँच दलीय गठबन्धनको सरकार निर्माण भएपछि आपसी स्थानीय चुनाव पनि गठबन्धनबीच तालमेलमा सफलतापूर्वक सम्पन्न भयो, जसमा नेपाली काँग्रेस सबैभन्दा बढी सीट जित्न सफल भयो । उता प्रमुख प्रतिपक्षी दल नेकपा एमाले स्थानीय निकायको चुनावमा आफूले दावी गरेजस्तो दुई तिहाइ त के एक तिहाइ पनि जित्न सकेन । त्यसैले सो पार्टीले पुन: वामएकता र गठबन्धनको राग अलाप्न थालेको छ । स्थानीय चुनावमा नराम्ररी पछारिएका केही अन्य वामपन्थी दलहरु पनि वाम-वामबीच एकता वा गठबन्धन भयो भने यो भन्दा ठूलो भाग पाइन्छ कि अथवा उत्कृष्ट नतिजा पो हासिल हुन्छ कि भनी वामएकताको कुरा गर्न थालेका छन् ।

सन् १९८० को दशकको पूर्वाद्धतिर सोभियत संघ विघटन भई शीतयुद्ध अन्त्य भएपछि विश्व राजनैतिक रंगमञ्चमा प्रजातन्त्रवादी र कम्युनिष्ट शक्तिहरुबीचको विभाजन रेखा करिब, करिब समाप्त भएको अवस्था छ । कुनै समय कट्टर कम्युनिष्ट मानिने चीन अहिले युरोपेली देशहरुजस्तै आर्थिक रुपले उदार र राजनैतिक दृष्टिले पनि लचिलो हुँदै आइरहेको अवस्था छ । चीन एक त्यस्तो देश हो, जो बहुप्रणालीमा आधारित छ । उसको मेनल्याण्डको राजनैतिक प्रणाली र हङकङ वा मकाउको राजनैतिक प्रणालीमा धेरै अन्तर देख्न पाइन्छ ।

कुनैबेला झापा आन्दोलनमार्फत् अतिवादी राजनैतिक गतिविधिमा संलग्न हालको नेकपा एमाले ०४६ सालको जनआन्दोलनद्वारा बहुदलीय प्रजातन्त्र पुनर्स्थापना पश्चात् नेपालको राजनैतिक मूलधारमा समाविष्ट भयो । त्यसपछि पटक, पटक कहिले माले र कहिले एमाले अनि पछिल्लो पटक नेकपाको रुपमा सत्तारुढ भएको थियो, जो अहिले तीन चिरामा विभाजित छ ।

नेपालमा कम्युनिष्टहरुले पछिल्लो समयमा रणनीतिक रुपमै भए पनि बहुलवादमा आधारित संसदीय प्रणालीलाई नै अपनाइ आएको यथार्थ हामी सामू छ । त्यस अर्थमा पनि नेपालमा प्रजातान्त्रिक र वाम शक्तिहरु बीचको दूरी अब व्यवहारमा वा यथार्थमा रहेन भन्नु अतिशयोक्ति हुन सक्दैन । बहुदलीय प्रजातन्त्र पुनर्स्थापना पश्चात् भएको प्रथम संसदीय निर्वाचनमा नेपाली काँग्रेसले बहुमत ल्याई गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा बहुमतको काँग्रेस सरकार गठन भएको थियो । सरकरार गठनको एक महिनाभित्रै तात्कालीन एमाले नेतृत्वले सडक आन्दोलनबाटै बहुमतको सरकार ढाल्ने प्रयास नगरेको होइन । तर सडक संघर्षबाट सरकार ढाल्न असफल भएपछि सो नेतृत्वले राजनैतिक परिपक्वता र सुझबुझ प्रदर्शन गर्दै बहुदलीय जनवादी सिद्धान्त अपनायो, जसलाई विदेशीहरुको सामु व्याख्या गर्दा उनीहरु मल्टि पार्टी डेमोक्रेसी नै भन्ने गर्थे । यसरी मूलधारको वामपन्थी शक्तिले बहुलवादी प्रणालीलाई अंगिकार गरेपछि त झन् वाम र प्रजातान्त्रिक शक्तिहरुबीच रहेको झिनो अन्तर पनि समाप्त भयो ।

२०६२/६३ को जनआन्दोलनपछि सशस्त्र संघर्ष गरिरहेका माओवादीहरु पनि हिंसात्मक आन्दोलनबाट पार नलाग्ने देखेर शान्तिपूर्ण आन्दोलनलाई समर्थन गर्दै शान्ति प्रक्रियामार्फत् मूलधारको राजनीतिमा प्रवेश गरी संसदीय राजनीतिको एक अंग बन्न पुगे । यसरी दोश्रो जनआन्दोलनको उपलब्धिलाई संस्थागत गर्दै संविधान सभाद्वारा निर्मित संविधानले बहुदलमा आधारित लोकतान्त्रिक प्रणाली, गणतन्त्र र संघीयतालाई नै आत्मसात् गर्‍यो ।

देश बहुदलीय व्यवस्था हुँदै लोकतन्त्र, गणतन्त्र र संघीयतामा संक्रमण भैसकेको सन्दर्भमा नेपाली काँग्रेस, एमाले, माओवादी केन्द्र, राप्रपा, जसपा आदि सबै पार्टीहरू बहुलवादी व्यवस्था, लोकतन्त्र, गणतन्त्र र संघीयताको संवैधानिक व्यवस्थाप्रति प्रतिवद्ध भैसकका छन् । यस्तो अवस्थामा राजनैतिक सिद्धान्त वा आर्थिक नीतिको आधारमा कुन पार्टीलाई कम्युनिष्ट भन्ने कुनलाई गैरकम्युनिष्ट भन्ने ?

नेपाली जनताले विगत दुई, तीन दशकको अवधिमा सबै पार्टीहरू प्रजातान्त्रिक, कम्युनिष्ट, चरम्पन्थी, नरम्पन्थी वा चरम दक्षिणपन्थीको सरकार भोगिसकेका छन् । र, ती विभिन्न सरकारहरूले प्रतिपादन गरेका बजेट, योजना, अर्थनीति वा सिद्धान्तमा कुनै पनि तात्विक भिन्नता अनुभव गर्न सकेका छैनन् । यस्तो सन्दर्भमा कसलाई प्रजातान्त्रिक र कसलाई गैर प्रजातान्त्रिक भन्ने वा कसलाई पूँजीवादी र कसलाई साम्यवादी भन्ने अन्यौल देखा परेको छ । प्रजातन्त्र पुनर्स्थापना पश्चात् बनेका सबैजसो सरकारले उदारवाद, पुँजीवाद, विश्वव्यापीकरण, निजीकरण जस्ता आर्थिक प्रणालीलाई नै अंगाल्दै आएको सन्दर्भमा अब वाम वा प्रजातान्त्रिक शक्ति भनी के को आधारमा व्याख्या गर्ने नेपालका पार्टीहरूलाई ? पछिल्लोपटक केपी ओलीको नेतृत्वको सरकारले दुई, दुई पटक संसद् विघटन मात्र गरेन, सर्वोच्च अदालतले ब्युँताएको संसद्लाई नौ, नौ महिनासम्म बन्धक बनाई चल्नै दिएनन् । त्यसपछि, ओली नेतृत्वको नेकपा विभाजित भई त्यसबाट चोइटिएका पार्टीहरुकै प्रयासमा ओलीको प्रतिगमनकारी कदमलाई सच्याउन काँग्रेस सभापति शेरबहादुर देउवाको नेतृत्वमा पांचदलीय गठबन्धनको सरकार बन्यो । जसले स्थानीय चुनाव सम्पन्न गरी एमालेलाई दोश्रो स्थानमा झार्‍यो ।

एमालेले आफूलाई वामपन्थी भन्ने दावी गरेतापनि नेकपा माओवादी केन्द्र र नेकपा एकीकृत समाजवादीले ओली नेतृत्वको सो पार्टीलाई दक्षिणपन्थी झुकाव भएको भनी आलोचना गर्दै आएका छन् । वामपन्थी नाम राख्दैमा कुनै पार्टी वामपन्थी भई हाल्दैन । त्यस्तै प्रकारको गुण र चरित्र पनि हुनु पर्‍यो । कुरूप मानिसको नाम सुन्दरप्रसाद राख्दैमा सुन्दर हुन्छ र ? अथवा तीखे नाम राख्दै बुच्चो मानिसलाई पनि तीखो भन्ने ? धनबहादुर नाम हुँदैमा दुई छाक खान धौ, धौ पर्नेलाई पनि धनी भन्ने ?

वाम एकता वा वाम गठबन्धनको प्रयासकै स्वरूप ओली नेतृत्वमा बनेको झण्डै दुई तिहाइको सरकार पनि तीन वर्षमै ढलेको अवस्थामा अझै वाम गठबन्धनको औचित्य समाप्त भएन र ? ओली नेतृत्वको वाम गठबन्धनले त झन प्रतिगमनलाई मात्र मद्यत पुग्यो । हुँदा हुँदा स्थानीय चुनावमा एमालेले कमल थापासँग समेत तालमेल कायम गरेर आफ्नो असली चरित्रको पनि प्रदर्शन गर्‍यो ।

यता स्थानीय चुनावमा पाएको सफलताबाट उत्साहित भएर काँग्रेस, माओवादी, नेकपा एस, जसपा, राजमो पार्टी प्रदेश र संघीय संसदको निर्वाचनमा समेत चुनावी तालमेल गरेर अघि बढ्नपर्ने निष्कर्ष निकाल्न थालेका छन् । पार्टीहरूले वाम वा प्रजातान्त्रिक जुनसुकै नामको गठबन्धन भनेता पनि अब बन्ने गठबन्धन भनेको शक्ति समीकरण र रणनीतिक आधारमै हो । सैद्धान्तिक आधारमा अब नेपालमा कुनै गठबन्धन बन्ने सम्भावना अत्यन्त न्यून नै छ । बरु अब नेपालमा बहुमतको सरकार बन्ने सम्भावना न्यून हुँदै गएको वर्तमान अवस्थामा गठबन्धन र सत्ता साझेदारीको संस्कार विकसित गर्नुपर्ने भएको छ । अब सहमति, सहकार्य र साझेदारीको अवधारणालाई सबै पार्टीहरूले आत्मसात् गरेर अघि बढ्नु जरुरी छ ।

अर्को कुरा, हामीकहाँ जब जब वाम एकताको कुरा गरिन्छ, तब तब राजनीति अझ जटिल भई दुर्घटना हुने गरेको घटनाक्रमले देखाउँछ । करिब साढे दुई दशक अघि अहिलेको एमाले पार्टीले सबै वामपन्थी पार्टीहरूलाई आफूमा समाहित गरेर एउटै वाम पार्टी गठन गर्ने प्रयास नगरेको हैन । तर त्यस बखत एमालेको सो प्रयास ऊसँग असहमत हुने अन्य वाम पार्टीको निम्ति निषेधको राजनीति हुन पुग्यो, जसकारण नेकपा माओवादीको जन्म भयो र देश १० वर्षे सशस्त्र द्वन्द्वमा फस्न पुग्यो ।

२०४८ सालको आम निर्वाचनमा संसद्मा नौ सीट ल्याउने संयुक्त जनमोर्चा एमालेको अगुवाइमा भएको वाम एकीकरणको कारण अर्को चुनावमा शून्य सीटमा झरेपछि डा बाबुराम भट्टराई नेतृत्वको पार्टी पार्टी जंगल पस्न बाध्य भयो ४० सूत्रीय माग राखेर । त्यस्तै चार वर्षअघि सबै वामपन्थी पार्टीहरू मिलाएर वाम एकताको प्रयास स्वरूप नेकपाको दुई तिहाइको सरकार नबनेको हैन र ?

तर अहिले नेकपाको के हालत भयो, उनको दुई तिहाइको सरकार कहाँ पुग्यो ? तिनै एकीकृत वाम गठबन्धनको सरकारका मुख्य पात्रहरू प्रचण्ड र माधव नेपालले काँग्रेस सभापति शेरबहादुरलाई काँधमा थापेर सरकारको नेतृत्वमा पुर्‍याएको हैन र ? ओलीलाई प्रधानमन्त्रीको कुर्सीमा बसाल्ने प्रचण्ड र नेपाल स्वयं अहिले प्रतिगमन भयो भनी देउवालाई साथ दिन पुगेका छन् । तसर्थ यदि फेरि पनि वामएकता वा वाम गठबन्धनको सरकार बन्यो भने त्यसको हालत के होला अनुमान लगाउन कठीन छैन । *-साभार: रातोपाटी*

# विपत् व्यवस्थापनको व्यवस्था र अवस्था



बाबुकाजी कार्की



नेपालमा प्राकृतिक र गैरप्राकृतिक प्रकोपका कारण बर्सेनि ठूलो धनजनको क्षति हुँदै गएको छ । जलवायु परिवर्तनका कारण पछिल्ला वर्षहरूमा धनजनको क्षति झन् बढ्दै गएको छ । सरकारी तथ्यांकअनुसार कमजोर र भिरालो भूबनोटका कारण नेपाल विश्वमा प्राकृतिक विपत्का हिसाबले २० औं स्थानमा रहेको छ । जलवायु परिवर्तनको जोखिमका हिसाबले नेपाल विश्वमै चौथो स्थानमा छ ।

त्यस्तै भूकम्पीय जोखिमका हिसाबले ११ औं र बाढी एवम् पहिरोका हिसाबले ३० औं स्थानमा रहेको छ । जलवायु परिवर्तनका कारण हिमताल फुट्ने वा अस्वाभाविक रूपमा हिउँ पग्लिने कारणबाट नदीतटीय क्षेत्रका बस्तीहरू उच्च जोखिममा छन् । त्यसमा पनि २०७२ सालको महाभूकम्पका कारण जर्जर भएका पहाडहरू सानोतिनो वर्षाले पनि पहिरो जाने जोखिम उत्तिकै छ । त्यसैको फलस्वरूप मेलम्ची नदीको बाढीपहिरो आसपासमा अकल्पनीय धनजनको क्षति भएको दु:खद् घटना आलै छ ।

नेपालीले एकपछि अर्को विपत्को सामना गर्दै आएका छन् । विभिन्न अध्ययन र अनुभवअनुसार नेपालमा हरेक वर्ष कम्तीमा पनि ५ सयवटा विपत्का घटना हुने गरेका छन् । भूकम्प, अतिवृष्टि, अनावृष्टि बाढीपहिरो, हावाहुरी आदिको चपेटाले निरन्तर जनतालाई आक्रान्त बनाइराखेको छ । त्यस्तै शीतलहर, आगजनी, डुबान, वातावरण प्रदूषण आदिको चपेटामा बर्सेनि पर्नु नेपालीको नियति नै बनेको छ । विभिन्न खाले विपत्तिहरू बर्सेनि किन बढ्दै गएको छ ? अध्ययन-अनुसन्धानको विषय बन्नुपर्छ । के विपत्तिलाई न्यूनीकरणका उपाय केके होलान् ? खोजीको खाँचो आजको आवश्यकता हो । विपत् व्यवस्थापनका लागि बनाइएका कानुन तथा नीतिहरू कतिका प्रभावकारी भएका छन् ? व्यावहारिकताको कसीमा दाँजेर समयमा नै परिमार्जन तथा नयाँ निर्माण गर्न विलम्ब गरिनु हुन्न । प्राकृतिक विपत्लाई रोक्न सकिन्न, तर यसको जोखिमलाई भने न्यून गर्न सकिन्छ । विपत् जोखिम न्यूनीकरणका लागि सरकार र सरोकार पक्षको चिन्ता र चिन्तनको खाँचो पर्छ । अल्पकालीन र दीर्घकालीन तथा तत्काल सम्बोधन गर्ने संयन्त्र र स्रोतको जोहो हुनुपर्छ ।

नेपालमा करिब चार दशकअगाडि वि.सं. २०३९ मा पहिलो दैवीप्रकोप उद्धार ऐन जारी भयो । यस ऐनले दैवी प्रकोपको परिभाषामा भूकम्प, आगलागी, आँधीबेहरी, बाढीपहिरो, अतिवृष्टि, अनावृष्टि, अनिकालका साथै मानव सिर्जित प्रकोपअन्तर्गत औद्योगिक दुर्घटना, विस्फोटक वा विषाक्त पदार्थबाट हुने दुर्घटना आदिलाई समेटेको छ । संशोधित विद्यमान ऐनले प्राकृतिक प्रकोप राहत तथा उद्धारका लागि केन्द्र, क्षेत्र र जिल्लातहमा उद्धार समितिहरूको व्यवस्था गरेको छ । प्छिल्ला दिनहरूमा दैवी प्रकोपको विद्यमान अवधारणामा परिवर्तन आउन थाल्यो । विपत्मा राहत र उद्धारलाई मात्र ध्यान नदिएर सम्भावित जोखिमको पूर्वअनुमानित भविष्यवाणी गर्ने प्रविधि र संयन्त्रको विकास एवम् प्रयोग गर्ने नीति तथा रणनीति लिएको पाइन्छ । विपत्को प्रभावकारी सामना गर्दै उद्धार तथा राहत परिचालनलाई चुस्त र पारदर्शी बनाउन अन्तर्राष्ट्रिय प्राकृतिक प्रकोप न्यूनीकरण दशकप्रतिको प्रतिबद्धतास्वरूप नेपालले सन् १९९६ मा विपत् जोखिम व्यवस्थापनसम्बन्धी १० वर्षे राष्ट्रिय रणनीतिक कार्ययोजना तर्जुमा भयो । विपत् व्यवस्थापनलाई दसौं राष्ट्रिय पञ्चवर्षीय योजना २०५९-६४ देखि थप महत्वका साथ योजना तथा कार्यक्रम आएको पाइन्छ ।

पर्यावरणीय असन्तुलनका कारण प्राकृतिक विपत्ति बढ्दो क्रममा छ । अस्वाभाविक र अवैज्ञानिक किसिमले उद्योगधन्दा सञ्चालनका कारण पृथ्वी हरित गृहका रूपमा परिणत हुँदै छ, जसका कारण पृथ्वीको तापक्रम बढ्नु स्वाभाविकै हो । जसका कारण हिमालमा हिउँ पग्लेर काला पत्थर देखिन थालेको छ । यता आर्टिकको हिउँ पग्लेर समुद्रको सतह बढेका कारण तटीय क्षेत्र डुबानमा पर्ने जोखिम उत्तिकै छ । आगामी दिनहरूमा समुद्री आँधीबेहरी र खोलानालाको बाढीपहिरोले कति विनाश गर्ने हो, थाहा छैन । मौसममा आउने उतारचढाव र अप्रत्याशित परिवर्तनले धनजनको क्षति बढ्दै जाने प्राय: निश्चित छ । प्राकृतिक स्रोतसाधनको दोहन गरी विकास गर्ने होडबाजीले प्रदूषणको दर चुलिँदो छ । प्राकृतिक स्रोतहरू जस्तै कोइला, पेट्रोलियम पदार्थ, जिंक, म्याग्नेसियम, फलामलगायतका खानीहरू उत्खनन र प्रशोधन गर्दा वनजंगलको अत्यधिक दोहन भएको छ । वर्ल्ड कोल्डले सन् २०२० मा प्रकाशित गरेको तथ्यांकअनुसार सन् २०१६ मा विश्वमा ८ अर्ब ५६ करोड १९ लाख मेट्रिक टन कोइला विभिन्न औद्योगिक प्रयोजनका लागि प्रयोगमा आयो ।

त्यस्तै सन् २०२० मा ३५ अर्ब ४४ करोड ३० लाख ब्यारेल पेट्रोलियम पदार्थ खपत भएको देखिन्छ । त्यस्तै वार्षिक करिब ४४ करोड क्युबिक मिटर काठ प्रयोग हुँदै आएको छ । पर्यावरणीय सन्तुलनका लागि अपरिहार्य वनजंगल विनाशले भविष्यमा झन् विकराल रूप लिने निश्चित छ । उद्योगबाट निस्किएका विषाक्त रसायन समुद्रमा फालिँदा कतिपय जलचर जन्तु र वनस्पति लोप हुँदै गएको वैज्ञानिकहरूको दाबी छ । औद्योगिक क्षेत्रबाट निस्कने कार्बन डाइअक्साइड ग्यासको कारण विभिन्न रोगले मानवलगायत जीवजन्तु र वनस्पतिमा शारीरिक विकृति र बिरामीको चाप बढ्दो छ । त्यस्तै कोरोना भाइरसलगायतका महाव्याधिको कारण र सहज रोकथाममा समेत पर्यावरणीय प्रदूषणले असर पारेको ठहर वैज्ञानिकहरूको छ । वातावरणीय सन्तुलन र शुद्धतामा बेलैमा ध्यान नदिएमा स्थिति झन्-झन् विकराल बन्नेतर्फ सरोकार सबैको ध्यान जानु दूरदर्शिता ठहर्छ ।

विकासको नाममा मानव सिर्जित कतिपय क्रियाकलापले विनाश निम्त्याएको पाइन्छ । विकासका लागि सञ्चालन गरिने उद्योगधन्दा स्थापना, सडक निर्माण, सहर बस्तीको विकास आदि योजनाबद्ध हुनु जरुरी छ । भौतिक विकासको स्वरूप तयार गर्दा यसले पछि पार्न सक्ने दुष्प्रभावका बारेमा वैज्ञानिक अध्ययन-अनुसन्धान इमानदारीपूर्वक गरिनुपर्छ । हरेक क्षेत्रमा राजनीतिक र व्यक्तिगत स्वार्थ प्रेरित भएर निर्णय गर्दा कतिपय प्राकृतिक प्रकोप भएका उदाहरण हाम्रो सामु छ । आफ्नो ठाउँमा जसरी भए पनि सडक पुर्‍याउने होडमा डोजरे विकासका कारण पहाडमा बाढीपहिरो गएर ठूलो धनजनको क्षति भएको टड्कारो देखिए तापनि चेत नखुल्नु उदेकलाग्दो परिस्थिति हो ।

-साभार: कारोबार डेली

# 'आइसी डिजाइनर रनवे ११' फेसन शो हुने



काठमाडौं/ 'आइसी डिजाइनर रनवे ११' नामक फेसन शो आयोजना हुने भएको छ । विगतका वर्ष झैं यस वर्ष पनि आइसी कलेजले फेसन शो आयोजना गर्न लागेको हो । शोको म्यानेजमेन्ट नेक्स्ट मोडल्स नेपालले गर्नेछ । नेक्स्ट मोडल्स नेपालले शोका लागि मोडलको आवेदन समेत खुल्ला गरेको छ । कम्तिमा ५ फिट ६ इन्च उचाइ भएका महिला मोडलले आवेदन दिन सक्नेछन् । छनौट आगामी ११ जुन अर्थात जेठ २८ गते शनिबार हुनेछ । फेसन शोमा ६ पुरुष र २४ महिला गरेर ३० मोडलले आइसी कलेजका ६१ जना फेसन डिजाइनरले तयार पारेका फेसनका डिजाइन क्याम्पमा प्रस्तुत गर्नेछन् । फेसन डिजाइनर नै आइसी कलेजका १९ औं ब्याजका पास आउट विद्यार्थी हुन् । विगत धेरै वर्षदेखि नियमित आयोजना हुँदै आएको यो फेसन शो यस वर्ष विगतका भन्दा झन् उत्कृष्ट तरिकाबाट प्रस्तुत गर्ने तयारी भइरहेको म्यानेजमेन्ट जिम्मेवारी लिएको नेक्स्ट मोडल्स नेपालका सिइयो रवि धमलाले बताए ।

'आइसी डिजाइनर रनवे' को मुख्य उद्देश्य नेपाली फेसन डिजाइनरको प्रचारप्रसार गर्दै उनीहरूले डिजाइन गरेका नेपाली फेसनका आकर्षक डिजाइन अन्तराष्ट्रिय स्तरमा पुऱ्याउनु रहेको आयोजक आइसी कलेजकी प्रबन्ध निर्देशक शैलजा अधिकारीले बताइन् । फेसन शो को लागि अन्तराष्ट्रिय कोरियोग्राफर अभिमन्यु सिंह तोमर समेत नेपाल आउने आयोजकले जनाएको छ ।

- साभार: नेपालखबर

# नेपालले भुटानलाई पराजित गर्यो




काठमाडौं/ आइसिसी यु-१९ महिला टी-ट्वान्टी विश्वकप एशिया छनोटअन्तर्गत सोमबार भएको तेस्रो खेलमा नेपालले भूटानलाई पराजित गरेको छ ।

मलेसियाको किनरारा ओभल क्रिकेट मैदानमा भएको खेलमा नेपालले भूटानलाई चार विकेटले पराजित गरेको हो । भूटानले दिएको ६७ रनको चुनौतीलाई नेपालले १३ दशमलव एक ओभरमा छ विकेट गुमाउँदै पूरा गऱ्यो ।

नेपालको जीतमा सानु राजवंशीले सर्वाधिक ३० रनको योगदान दिइन् । त्यसैगरी साना प्रविणले १२ रन जोडिन भने सृष्टी जैसीले आठ । आश्मा पुलामी मगरले तीन, कप्तान कृतिका मरासिनीले दुई तथा एलिसाकुमारी यादवले अविजित दुई रन बनाइन् । बलिङमा भूटानकी साङ्गे वाङ्वोले तीन विकेट लिइन् भने सोनम र अन्जुली घलेले १-१ विकेट लिए ।

त्यसअघि टस जितेर पहिले ब्याटिङ गरेको भुटानले निर्धारित २० ओभरमा नौ विकेट गुमाएर ६६ रन बनाएको थियो । भुटानका लागि कप्तान एन्गावाङ छोडेन र साङ्गे वाङ्मोले समान ११ रन बनाइन् । त्यसैगरी पेमा याङ्चेनले नौ तथा छाडो ओमले छ रन जोडिन् । बलिङमा नेपालकी कृतिका मरासिनी, अनु कडायत र मनिषा कुमारी उपाध्यायले समान दुई/दुई विकेट लिए ।

यस खेलसँगै तीन खेल खेलेको नेपालले दुई खेलमा जीत तथा एक खेलमा हार व्यहोरेको छ । नेपालले पहिलो खेलमा कतारलाई ७९ रनले हराएको थियो भने दोस्रो खेलमा नेपाल संयुक्त अरब इमिरेट्सँग (युएई) सँग १० विकेटले पराजित भएको थियो ।

युएइविरुद्धको खेलमा नेपाल आठ रनमा नै अलअउट भएको थियो । छनोट खेलमा नेपालसहित, आयोजक मलेसिया, युएई, थाइल्याण्ड, भुटान र कतार रहेका छन् । नेपालले आज थाइल्याण्डसँग खेल्ने बताए । -साभार: जन बोली

# वडाध्यक्षको सक्रियतामा काठमाडौं-१६ मा उठाउन थालियो फोहोर



काठमाडौं/काठमाडौं महानगरपालिका वडा नम्बर १६ मा फोहोर उठाउन थालिएको छ ।

झण्डै दुई सातादेखि फोहोर नउठ्दा सहर नै दुर्गन्धित बन्न थालेपछि वडाध्यक्षको सक्रियतामा फोहोर उठाउन थालिएको वडाध्यक्षका सहयोगी किरण भट्टराईले जानकारी दिए ।

भट्टराईले भने, 'बालाजु चोकदेखि सोह्रखुट्टेसम्मको प्रमुख सडक पेटीमा फालिएका फोहोर उठाउन सुरु गरिएको छ । लगभग ९/१० गाडी फोहोर उठाएका छौं । संकलन भएको फोहोर वडा क्षेत्रकै २/३ वटा ठाउँमा लगेर व्यवस्थापन गर्ने तयारी भइरहेको छ । स्थानीयलाई प्रभाव नपर्ने गरी फोहोर व्यवस्थापन गर्ने सहमति पनि भइसकेको छ ।'

भट्टराईका अनुसार सोमबार बिहानै वडाध्यक्षसहितका जनप्रतिनिधिले स्थानीय राजनीतिक दलका प्रतिनिधिसँग फोहोर व्यवस्थापन बारे छलफल गरी सहमति जुटाएका छन् ।

वडाध्यक्ष मुकुन्द रिजालले फोहोर व्यवस्थान गरिने ठाउँका स्थानीयसँग पनि आवश्यक छलफल गरी स्थानीयकै सहमतिमा फोहोर व्यवस्थापन गर्ने ठाउँको पनि पहिचान गरिएको भट्टराईले बताए ।

'वडा नम्बर १६ को फोहोर आफ्नै वडाक्षेत्रमा व्यवस्थापन गर्ने गरी वडाध्यक्षले आवश्यक छलफल गरिरहनु भएको छ । मुख्य चोकमा रहेका फोहोर गाडीमा उठाउने काम भइरहेको छ' भट्टराईले भने ।

वडाध्यक्ष रिजालले आफ्नो फेसबुकमार्फत फोहोर उठाउँदै गरेको भिडियो सार्वजनिक गरेका छन् । भिडियो सार्वजनिक गर्दै उनले लेखेका छन्, 'वडा नम्बर १६ को चोक चोकमा थुप्रिएको फोहोरहरु वडाकै पहलमा उठाएर तत्काल फोहोर व्यवस्थापनको समस्या समाधान गर्न पहल गर्ने कार्यको सुरुवात गरियो ।

सोह्रखुट्टे चोकबाट सुरु गर्दै कालधारा र शाशा गेटमा रहेको फोहोरको अल्पकालीन व्यवस्थापनमा जुटेका छौं । सहयोग गर्नुहुने काठमाडौं महानगरपालिका वातावरण विभाग र सम्पूर्णमा हार्दिक आभार व्यक्त गर्दै सल्लाह र सुझावको अपेक्षा राख्दछौं ।' -साभार: अनलाइनखबर

# कृषि विश्वविद्यालयका एक सय विद्यार्थी इजरायल जाँदै



काठमाडौं/ कृषि तथा वन विज्ञान विश्वविद्यालय (एएफयू)मा स्नातक तह अन्तिम वर्षमा अध्ययनरत एक सय विद्यार्थी इजरायल जाने भएका छन् । एएफयू र इजरायलको रामत नेगभ इन्टरनेस्नल ट्रेडिङ सेन्टरको सहकार्यमा यहाँका विद्यार्थी पठाउन लागिएको हो ।

विश्वबिद्यालयले छनोट समिति बनाएर इजरायल जाने विद्यार्थी छनोट गरेको हो । विश्वविद्यालयका योजना निर्देशक एवं छनोट समितिका सदस्य सचिव डा. शिवचन्द्र ढकालका अनुसार एग्रिकल्चर वर्क-स्टडी कार्यक्रमअन्तर्गत इजरायल जानका लागि विद्यार्थी छनोट भएका हुन् । विद्यार्थीलाई इजरायल पठाउन विश्वविद्यालयका संकाय तथा आङ्गिक क्याम्पसमा अध्ययनरत विद्यार्थीबाट आवेदन माग गरिएको थियो ।

ढकालका अनुसार कार्यक्रममा सहभागी हुन २७३ जना विद्यार्थीले आवेदन दिएका थिए । त्यसमध्ये १६८ जना विद्यार्थी गोलाप्रथाको माध्यमबाट अन्तर्वार्ताका लागि छनोट भएका थिए । तीमध्ये अन्तवार्तामा सहभागी १२५ जनाबाट एक सय छनोट गरी २५ जनालाई बैकल्पिकमा राखिएको छ । नेपालका लागि इजरायलका राजदूत हनान गोडर र इजरायलका लागि नेपालका राजदूत डा कान्ता रिजालको उपस्थितिमा विद्यार्थीको अन्तर्वार्ता लिइएको थियो ।

ती विद्यार्थी ११ महिना इजरायल बस्ने छन् । त्यहाँ रहँदा पाँच दिन काम, एक दिन अध्ययन र एक दिन बिदा पाउने गरी सम्झौता भएको छ । काम गरेबापत एक जना विद्यार्थीले १२ लाख हाराहारी रकमसँगै प्रविधि र सिप लिएर आउने विश्वविद्यालयको अपेक्षा रहेको छ ।

विश्वविद्यालयका उपकुलपति प्रा डा पुण्यप्रसाद रेग्मीका अनुसार त्यहाँ सिकेको सीप र रकम लिएर फर्कने विद्यार्थी यहाँ आएपछि एकल र समूहगत रुपमा काम गर्न सक्नेछन् । स्नातक अन्तिम वर्षको परीक्षा दिएर जाने ती विद्यार्थीले फर्किएपछि मात्र विश्वविद्यालयबाट शैक्षिक प्रमाणपत्र पाउने छन् । विद्यार्थी त्यहाँ नबसुन् भन्नका लागि शैक्षिक प्रमाणपत्र विश्वविद्यालयले रोकेर राख्न लागेको हो ।

कृषि शिक्षातर्फ आकर्षण घट्न नपाओस् भन्नका लागि यो कार्यक्रम अघि बढाइएको उनी बताउँछन् । पहिलो पटक विश्वविद्यालयले यो कार्यक्रम गर्न लागेको हो । साउनको अन्तिम सातासम्ममा विद्यार्थी जाने गरि तयारी गरिएको छ ।

-साभार: अनलाइनखबर

# असार १ देखि मतदाता नामावली संकलन गरिने




काठमाडौं/ निर्वाचन आयोगले असार १ देखि मतदाता नामावली संकलन गर्ने भएको छ ।

स्थानीय तह निर्वाचन घोषणा भएपछि २०७८ माघ २५ गतेदेखि स्थगित भएको मतदाता नामावली संकलन तथा अद्यावधिक गर्ने काम असार १ देखि सञ्चालन गर्ने आयोगले सोमबार विज्ञप्ति निकालेर जानकारी दिएको छ ।

१८ वर्ष उमेर पुगेका र मतदाता नामावलीमा नाम छुट भएका नेपाली नागरिकले प्रदेश तथा जिल्ला निर्वाचन कार्यालय, जिल्ला प्रशासन कार्यालय र इलाका प्रशासन कार्यालयमा फोटो सहितको नामावली दर्ता गराउन सक्नेछन् ।

यस कार्यक्रम अन्तर्गत नाम दर्ता गर्न, विवरणमा रहेको त्रुटि सच्याउन, मतदाता नामावलीबाट नाम हटाउन, ठेगाना परिवर्तन गर्न, मतदान स्थल परिवर्तन गर्न, दोहोरो परेको नाम हटाउन पनि सम्बन्धित निर्वाचन कार्यालयमा निवेदन दिन सकिने आयोगले जनाएको छ ।

यसैगरी आयोगबाट वितरण भएको मतदाता परिचयपत्र भएको तर कुनै कारणले मतदाता नामावलीमा नाम नरहेको व्यक्तिहरुले समेत मतदाता नामावलीमा नाम दर्ता गराउन सक्ने आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले जानकारी दिए । पेशा, व्यवसायको कारणले कुनै एक जिल्लामा बसोबास गरिरहेको तर आफ्नो स्थायी ठेगाना अर्को जिल्लामा रहेको भए त्यस्तो व्यक्तिले नाम दर्ताको लागि आवश्यक प्रमाण सहित आफू रहेको जिल्लाको निर्वाचन कार्यालयमा निवेदन दिनन सक्नेछन् ।

त्यस्तो व्यक्तिको नाम स्थायी ठेगानामा रहने गरी बाहिरी जिल्ला मतदाता दर्ता कार्यक्रम समेत सञ्चालन हुने आयोगले जनाएको छ । 'आगामी निर्वाचनमा कोही पनि नछुट्ने गरी आफ्नो नाम दर्ता गर्न तथा विवरण अद्यावधिक गर्न आयोग सबैमा हार्दिक आग्रह गर्दछ' आयोगले विज्ञप्तिमा भनेको छ । यस कार्यक्रमलाई सबै राजनीतिक दल तथा सरोकारवालाहरूले आ-आफ्ना क्षेत्रबाट सहयोग गरिदिन पनि आयोगले अपिल गरेको छ । -साभार: अनलाइनखबर

# अनमोलको अपोजिटमा डेब्यू गर्ने ताकमा नीति शाह



काठमाडौं/ पूर्व मिस इन्टरनेसनल नीति शाह केही वर्षअघिसम्म फिल्मको अफर लिएर जाने निर्माता/निर्देशकलाई 'फिल्ममा चाख' नभएको भन्दै फर्काउँथिन् ।

तर यो साल भने नीति आफैं फिल्म खेल्न तम्सिएकी छिन् । उनले फिल्म गर्नका लागि म्यानेजर राखेर यसको सुरुवात गरिसकेकी छिन् भने पटकथा लेखकको पनि खोजी जारी राखेकी छिन् ।

उनले केही दिनअघि सामाजिक सञ्जालमा लेखक चाहियो भन्दै पोस्ट पनि राखेकी थिइन् । यसले नीति आफैं फिल्म निर्माण गरेर नेपाली फिल्ममा डेब्यू गर्न लागेको संकेत गर्छ । तर यसका लागि उनले हिरो को लेलिन् ? चासोको विषय छ । तर नीति निकट स्रोतका अनुसार पहिलो फिल्म गर्दा उनी चलेकै हिरोसँग काम गर्ने तयारीमा छिन् । यसका लागि उनको नजर अनमोल केसी र प्रदीप खड्कामा छ ।

नीति तुलनात्मक रुपमा अनमोलभन्दा प्रदीपसँग निकट छिन् । प्रदीपसँग उनले डिस होमको विज्ञापन गरेकी थिइन् भने केही दिनअघि उनले प्रदीपसँग प्रभु बैंकको फोटोसुट पनि गरेकी थिइन् । यता अनमोल र नीति भने मल्पी स्कुलका सहपाठी हुन् । स्टारडमको हिसाबले प्रदीपभन्दा अनमोल अघि रहेका कारण उनको प्राथमिकतामा भने अनमोल नै छन् । यो रुचि देखाउँछ उनको म्यानेजर छनोटले । नीतिले भर्खरै हायर गरेका म्यानेजर निराजन गिरी अनमोलको पनि काम हेर्छन् । योसँगै नीतिले अनमोलका पिता भुवन केसीलाई आफू फिल्म खेल्न तयार रहेको सन्देश पनि पुर्याइसकेकी छिन् । स्रोतका अनुसार उनले भुवन केसीलाई फोन गरेर नै आफू अनमोलसँग फिल्म खेल्न इच्छुक रहेको बताएकी थिइन् ।

-साभार: इकागज

# शपथ रोकिएपछि उपेन्द्रलाई 'हाइसञ्चो'



काठमाडौं/ नेकपा एकीकृत समाजवादी पार्टीले सिफारिस गरेका चार जना मन्त्रीको शपथ रोकिएपछि जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवलाई 'हाइसञ्चो' भएको छ ।

पार्टीभित्र मन्त्री परिवर्तनको दबाब खेपिरहेका अध्यक्ष यादवलाई नेकपा एकीकृत समाजवादीका मन्त्रीहरू हेरफेर प्रक्रिया रोकिएपछि 'हाइसञ्चो' भएको हो ।

नेकपा एकीकृत समाजवादीले मन्त्रीहरू विरोध खतिवडा, रामकुमारी झाँक्री, प्रेम आले र कृष्ण कुमार श्रेष्ठलाई सरकारबाट फिर्ता बोलाएर भवानी खापुङ, मेटमणि चौधरी, जीवनराम श्रेष्ठ र शेरबहादुर कुँवरलाई मन्त्री बनाउन सिफारिस गरेको थियो ।

नयाँ मन्त्रीहरूको आजै शपथ हुने तयारी भइरहेको थियो तर गठबन्धनबाटै तत्काल मन्त्री हेरफेर गर्न नहुने सुझाव प्रधानमन्त्री देउवा समक्ष पुगेपछि नयाँ मन्त्रीहरूको शपथ रोकिएको बताइएको छ । नेकपा एकीकृत समाजवादीले मन्त्री हेरफेर गर्ने निर्णय गरेसँगै जसपामा पनि मन्त्री हेरफेरका लागि ठूलो दबाब परेको थियो । त्यसका लागि जसपाका संघीय परिषद् अध्यक्ष डा.बाबुराम भट्टराई पक्षका सांसदहरूको आइतबारदेखि छुट्टाछुट्टै छलफल गरिरहेका थिए । सोमबार पनि उनीहरूको छुट्टै बैठक बसेको थियो । पार्टीका अध्यक्ष उपेन्द्र यादव भने मन्त्री फिर्ता बोलाउने र नयाँ पठाउने बारेमा पार्टीमा छलफल गरेर मात्र निर्णय लिने भन्दै पन्छिँदै आएका थिए । पार्टीमा स्थानीय चुनावका समीक्षा हुन बाँकी छ, त्यो समीक्षाका लागि बस्ने बैठकमा मन्त्री हेरफेरको विषयमा समेत छलफल गर्ने जवाफ उनले दिँदै आएका थिए । यद्यपि सरकारमा जान चाहने सांसदहरूको दबाब कायमै थियो । 'नेकपा एकीकृत समाजवादी पार्टीबाट नयाँ मन्त्रीको शपथ भइसकेपछि पनि जसपाले मन्त्री हेरफेर नगरेको अवस्थामा पार्टी विभाजनसम्म हुन सक्ने खतरा कायम थियो,' जसपाका केन्द्रीय सदस्यसमेत रहेका एक सांसदले भने, 'उपेन्द्र यादवले मन्त्री हेरफेरको निर्णय नगरेको अवस्थामा पार्टी विभाजन हुने निश्चित छ, सांसदहरूको बैठक चलिरहेको छ, पार्टी विभाजनका लागि उपेन्द्रका साथमा रहेका कतिपय सांसद बाबुराम भट्टराईतिर लाग्नु भएको छ ।'

मन्त्रिपरिषद हेरफेर तत्कालका लागि स्थगित भएसँगै जसपामा त्यो खतरा केही समयका लागि टरेको छ । तर मन्त्री फेर्नुपर्ने माग भने जसपाभित्र सेलाएको भने छैन । सुरुमा मन्त्री पठाउँदा ६ महिनाका लागि पठाइएको र ६ महिनापछि उनीहरुलाई फिर्ता बोलाएर नयाँ मन्त्री पठाउने निर्णय पार्टीमै भएको भन्दै जसपाका कतिपय सांसदले मन्त्रीहरुलाई फिर्ता बोलाउन दबाब दिइरहेका छन् ।

जसपाका कार्यकारिणी सदस्य एवं भौतिक पूर्वाधार तथा यातायात मन्त्री रेणु यादवले मन्त्री हेरफेरको कुरा मौसमी हल्ला रहेको र यस्तो हल्ला चलिरहने बताइन् ।

उनले आफ्नो पार्टीमा मन्त्री फिर्ता गराउने तथा नयाँ पठाउने बारेमा कुनै चर्चा नभएको उनको भनाइ छ । उनले भनिन्, 'बेलाबेलामा यस्ता हल्ला तथा चर्चा भइरहन्छ तर कसलाई बोलाउने र कसलाई पठाउने भन्ने बारेमा पार्टीले निर्णय गर्ने हो, तर मलाई लाग्छ पार्टीमा यसखालको कुनै निर्णय भएको छैन ।'

राष्ट्रिय सभाका सदस्य एवं जसपाका कार्यकारिणी सदस्य मृगेन्द्र कुमार सिंहले पार्टीमा भएको निर्णय कार्यान्वयन गराउनुपर्ने बताए । '६-६ महिनामा मन्त्री हेरफेर हुने कुरा पार्टीमा निर्णय भएको हो, यो निर्णय पार्टीका नेताहरुले इमानदारीपूर्वक लागु गर्नुपर्छ,' उनले भने, 'बजेट पारित नहुन्जेलसम्म मन्त्री हेरफेर हुँदैन तर त्यसपछि पुन: यस विषयमा छलफल हुन्छ । पार्टीमा हामी यो कुरालाई उठाउँछौं ।' -साभार: रातोपाटी

# बालविकास स्कुलमा आठ सय ३३ बालबालिकाहरूको आँखा जाँच



भक्तपुर/ भक्तपुरको लिवालिस्थित बाल विकास सेकेन्डरी स्कुलले गरेको दुईदिने आँखा शिविर सोमबार सम्पन्न भएको छ ।

कक्षाकोठामा बस्दा बोर्डमा लेखिएको नदेखिने धेरैको समस्या देखिएकोले तत्काल निरुपणका लागि शिविर गरेको स्कूलले जनाएको छ ।

तिलगंगा आँखा केन्द्र अन्तर्गतको सामुदायिक आँखा केन्द्र च्याम्हीसंह भक्तपुरको प्राविधिक सहयोगमा शिविर सञ्चालन गरिएको हो । बालबालिकाको पढाईमा थप सहयोग मिलोस् भन्ने हेतुले हरेक वर्ष झैं यो वर्ष पनि शैक्षिक सत्रको सुरुवाती दिनमै आखा शिविर सञ्चालन गरिएको जनाइएको छ । शिविरमा कक्षा एकदेखि कक्षा दशसम्मका जम्मा आठ सय ३३ जना बालबालिकाहरू लाभान्वित भएका छन् ।

परीक्षणका क्रममा केही बढी समस्या देखिएका विद्यार्थीहरुलाई सामुदायिक आखा केन्द्र च्याम्हासिंह रेफर गरी अभिभावकलाई सो सम्बन्धि जानकारी दिने कार्य पनि गरिएको जनाइएको छ ।

-साभार: खबरहब

# पाकिस्तानको उत्तरी वजिरिस्तानमा आत्मघाती बम आक्रमण

काठमाडौं/ पाकिस्तानमा गराइएको आत्मघाती बम आक्रमणमा दुई जना सैनिक घाइते भएका छन् । अफगानिस्तानसँग सीमा जोडिएको उत्तर वजिरिस्तानमा रहेको एक सुरक्षा चौकलाई लक्षित गर्दै आत्मघाती बम आक्रमण गराइएको हो ।

विस्फोटका कारण दुई सैनिक तथा अन्य दुई जना बालबालिका घाइते भएका छन् । उत्तर वजिरिस्तानको जातीय इलाकाको रजमाक क्षेत्रमा आत्मघाती बम आक्रमण भएको पाकिस्तानबाट प्रकाशित हुने डन अखबारले जनाएको छ ।

अधिकारीका अनुसार मोटरसाइकलमा आएको आत्मघाती बम आक्रमणकारीले सुरक्षा चौकीमा रोकिरहेको सवारीलाई लक्षित गरी आक्रमण गरेको थियो ।

डनले जनाएअनुसार घाइते हुने पाकिस्तानी सैनिकमा नाइक बनारस र सिपाइ मुन्सिफ खान रहेका छन् । पछिल्लो समय अफगानिस्तानसँग सीमा जोडिएको जातीय क्षेत्रमा आतंककारी गतिविधिमा वृद्धि भएको जनाइएको छ । *-साभार: खबरहब*

# एपीएफलाई हराउँदै आर्मी सेमिफाइनलमा प्रवेश

साझाकुरा संवाददाता

हेटौंडा, २३ जेठ/ हेटौंडामा जारी स्थानीय तह सहिद स्मृति अन्तर्राष्ट्रिय मकवानपुर गोल्डकप फुटबल प्रतियोगिताको सोमबार भएको खेलबाट साविक बिजेता विभागीय टोली त्रिभुवन आर्मी क्लब सेमिफाइनलमा प्रवेश गरेको छ ।

सोमबार भएको प्रतियोगिताको पहिलो क्वाटरफाइनल खेलमा अर्को विभागीय टोली एपीएफ फुटबल क्लबलाई टाइब्रेकरमा ५-४ गोलअन्तरले हराउँदै आर्मी सेमिफाइनलमा प्रवेश गरेको हो । निर्धारित ९० मिनेटको समय १-१ गोलको बराबरी भएपछि खेलको निर्णय टाइब्रेकरबाट लिइएको थियो ।

आर्मीले खेल अवधिभर दुई वटा पेनाल्टी पाए पनि सदुपयोग गर्न नसक्दा खेल टाइब्रेकरमा धकेलिएको थियो । तर, टाईब्रेकरलाई सदुपयोग गर्दै आर्मी जीत निकाल्न सफल भयो । निकै रोमाञ्चक बनेको खेलको पहिलो हाफमा डिबक्सभित्र एपीएफका कप्तान टोपबहादुर विष्टको हातमा बलले लागेपछि आर्मीले पेनाल्टी पाएको थियो ।




आर्मीले पाएको पहिलो पेनाल्टी सदुयोग गर्न सकेन । आर्मीका बिवेक बस्नेतले प्रहार गरेको पेनाल्टी एपीएफका गोल रक्षक राजु नगरकोटीले रोकेका थिए ।

त्यस्तै, दोस्रो हाफको प्रतिस्पर्धात्मक खेलको ६७ औं मिनेटमा एपीएफका खेलाडीले डिबक्सभित्र फाउल गरेपछि आर्मीले दोस्रोपटक पेनाल्टी भएको थियो । दोस्रोपटक पाएको पेनाल्टीलाई आर्मीका दिनेश हेम्जनले सहजै जाली चुमाउँदै १-० को अग्रता दिलाएका थिए । तर, त्यो अग्रता जीतको लागि पर्याप्त भएन । खेलको थप समयको अन्तिम मिनेटमा एपीएफका युवराज खड्काले गोल गर्दै टोली खेलमा फर्काएका थिए । त्यसपछि खेलको निर्णय टाईब्रेकरको साहाराबाट लिनु परेको थियो ।

टाईब्रेकरमा आर्मीलाई जीत दिलाउन गोलरक्षक विकेश कुथु नायक बने । उनले ४-४ गोलको स्थितिमा उनले एपीएफका मणिकुमार लामाको प्रहार रोक्न सफल भएका थिए । आर्मीका दीपक गुरुङ, सिमान्त थापामगर, सन्तोष केसी, कमलबहादुर थापा र दिनेश हेम्जनले गोल गरेका थिए । उता, एपीएफका नविन लामा, सुदीप शिखरकार, सनिश श्रेष्ठ र नविन थिङले मात्रै गोल गरेका थिए ।

टाईब्रेकरमा टोलीलाई जीत दिलाउन महत्वपूर्ण पेनाल्टी बचाउँ गरेका आर्मीका विकेश कुथु म्यान अफ दी म्यच घोषित भए । उनले नगद १० हजारसहित ट्रफि हात पारे । आर्मीले फाइनल प्रवेशको लागि चर्च ब्वाइज क्लब र एभेनिर एफसी, क्यामरुन बीचको बिजेतासँग खेल्नेछ ।

प्रतियोगिताको दोस्रो क्वाटरफाइनल खेल आज मंगलबार नेपाल पुलिस क्लब र स्टार खेलाडीले भरिएको मनाङ मर्स्याङ्दी क्लबबीच प्रतिस्पर्धा हुनेछ । खेल दिउँसो साढे ३ बजे सुरु हुने बताइएको छ ।

प्रतियोगिताको विजेताले १५ लाख तथा उपविजेताले १० लाख प्राप्त गर्नेछ । त्यस्तै विधागत उत्कृट हुने प्रशिक्षकसहित ६ खेलाडीले ट्रफिसहित नगद २५-२५ हजार प्राप्त गर्नेछन् । सर्वोत्कृष्ट खेलाडीले बुलेट मोटरसाइलक प्राप्त गर्नेछ । प्रतियोगिताको फाइनल खेल जेठ ३० गते हुनेछ ।



थाहानगरका किसानहरु आलु खन्नमा व्यस्त छन् । आलु उत्पादनको लागि प्रख्यात मकवानपुरको उत्तरी क्षेत्रस्थित थाहा नगरपालिकामा बारीबाट उत्पादित आलु खन्ने क्रम धमाधम भइरहेको नगरपालिकाको कृषि शाखाले जनाएको छ । थाहाका किसानको आलु खेती नै आम्दानीको मुख्य स्रोत हो । करिब ६ महिनाको समयमा उत्पादन हुने आलु पुस तथा माघमा रोप्ने गरिन्छ भने आलु खन्ने मुख्य समय जेठ महिनाबाट सुरु हुन्छ ।

*तस्बिर सौजन्य: गणेश विष्ट*

## मनहरीमा जेठ २६ र २७ गते कोरोना विरुद्धको खोप लगाइने

साझाकुरा संवाददाता

हेटौंडा, २३ जेठ/ मकवानपुरको मनहरी गाउँपालिकामा यहि जेठ २६ र २७ गते कोरोना विरुद्धको खोप लगाइने भएको छ ।

१२ वर्ष माथिकालाई कोरोना विरुद्धको मोर्डना खोप लगाइन लागेको मनहरी कोभिड अस्पतालका व्यवस्थापक ज्योतिराज लुइटेलले जानकारी दिए ।

खोप अभियानमा पहिलो मात्रा लगाएकालाई दोस्रो मात्रा र कुनै पनि मात्रा नलगाएकालाई पहिलो मात्राको खोप लगाइने उनले बताए । खोप अभियानमा पहिलो र दोस्रो मात्रा लगाएकाहरुका लागि अतिरिक्त मात्रा (बुस्टर डोज) समेत लगाइने लुइटेलले बताए ।

खोप अभियान प्रत्येक वडाको खोप केन्द्रमा सञ्चालन हुने जनाइएको छ । कोभिड-१९ बाट बच्न नेपाल सरकारले निशुल्क रुपमा लगाइरहेको कोरोना विरुद्धको खोप अभियानमा पहिले छुटेकाहरुलाई यो अभियानमा नछुट्न समेत आग्रह गरिएको छ ।

कोरोनाबाट बच्न कोरोना विरुद्धको खोप नै भएकोले खोप लगाउन छुटेकाहरु अनिवार्य आफ्नो वडाको वडा स्वास्थ्य कार्यलयमा गई खोप लगाउन भनिएको छ ।

## दुबै मृगौला फेल भएका प्रजालाई सहयोगको अपेक्षा



साझाकुरा संवाददाता

हेटौंडा, २३ जेठ/ मकवानपुरको विकट राक्सिराङ गाउँपालिकाको काकडा निवासी रामकृष्ण प्रजाको दुबै मृगौलाले काम गर्न छोडेपछि उनलाई उपचारमा समस्या भइरहेको छ ।

दुबै मृगौला फेल भएपछि अस्वस्थ बनेका उनले उपचारको लागि सहयोगको अपेक्षा गरेका छन् । सोमबार पत्रकारसँग कुरा गर्दै प्रजाले हप्ताको दुईचोटी डाइलेसीस गर्नुपर्ने र एकचोटी सात हजार लाग्ने भएकाले सहयोग गर्न सबैलाई आग्रह गरेका छन् ।

नेपाली कांग्रेस राक्सिराङका नेता समेत रहेका ४६ वर्षिय प्रजालाई मृगौला सहयोग गर्न नातेदार तयार भएपनि आर्थिक अभावका कारण प्रत्यारोपण गर्न कठिन भएको उनले दुखेसो गरे । 'मृगौला दिन्छु भनेर आफन्त आउनुभएको छ तर आफुसँग पैसा नभएकोले डाइलेसीस गरेर मृत्युसँग लडिरहेको छु' उनले भने । उनी २०७४ को स्थानीय तह निर्वाचनमा नेपाली कांग्रेसबाट वडा न. ८ को वडा अध्यक्ष निर्वाचित भएका थिए ।

नेपाली कांग्रेसका जिल्ला सदस्य जयबहादुर तितुङ्ले राजकुमार प्रजा व्यक्ति मात्रै नभई मकवानपुरको पशिचमि क्षेत्रको अल्पसंख्यक जातिको प्रतिनिधि भएकाले उनको जिवन रक्षाका लागि सबैले सहयोग गर्नुपर्ने बताउँछन् । उनी बाच्दाँ हजारौं चेपाङहरु बाच्ने कांग्रेस जिल्ला सदस्य तितुङको भनाई छ ।

प्रजाको आर्थिक अवस्था अत्यन्त कमजोर रहेकाले सहयोगी दाताहरुलाई सहयोग गरिदिन सबैलाई तितुङले आग्रह गरेका छन् । पार्टीका केही नेताहरु भेट्न आएको र उपचारका लागि आश्वासन दिएको भएपनि प्रक्रियाको लागि सहयोग नगरेको भन्दै प्रजाले दुखेसो गरे । आफु बाँचेर राक्सिराङमा नेपाली कांग्रेस र सबै चेपाङहरुको सेवा गर्न चाहेको बताउँदै उनले आफ्नो उपचारका लागि पहल गरिदिन उनले अनुरोध गरेका छन् ।

## रोटरीको एक्सिलेन्स अवार्डको राशी एक लाख पुग्यो

साझाकुरा संवाददाता

हेटौंडा, २३ जेठ/रोटरी क्लब अफ हेटौंडाले प्रदान गर्दै आएको एक्सिलेन्स अवार्डको राशी एक लाख रुपैयाँ पुगेको छ ।

क्लबका पूर्वअध्यक्ष स्व. प्रजाराज वैद्यकी श्रीमति रुद्रकुमारी वैद्यले अवार्ड कोषका लागि ५ लाख रुपैयाँ सहयोग गरेसँगै अवार्डको राशी एक लाख रुपैयाँ पुगेको हो । यसअघि ६ लाख रुपैयाँ रहेको कोषमा ५ लाख रुपैयाँ थप भएसँगै कोषको रकम ११ लाख रुपैयाँ पुगेको छ ।

कोषको व्याज आम्दानीबाट हरेक बर्ष प्रदान गर्दै आएको अवार्डको राशी पनि बढाइने भएको रोटरी क्लब अफ हेटौंडाका पूर्वअध्यक्ष ईन्द्रप्रसाद नेपालले जानकारी दिए ।

यसअघि एक्सिलेन्स अवार्ड भनेर रोटरी क्लब अफ हेटौंडाले २५ हजार नगदसहित सम्मान गर्ने गरेको थियो ।

शनिबार मात्रै रोटरी क्लब अफ हेटौंडाले न्यूरोलोजिस्ट प्रा.डा. गोपालरमण शर्मा, एसियाकै पहिलो फिफा रेफ्री कल्पना शर्मा र मुटुस्वास्थ्य विशेषज्ञ प्रा.डा. प्रेमराज वैद्यलाई एक्सिलेन्स अवार्ड प्रदान गरेको थियो ।

## साहित्य संगमद्वारा चार जना स्रष्टा सम्मानित

साझाकुरा संवाददाता

हेटौंडा, २३ जेठ/ साहित्य संगम मकवानपुरले ४जना स्रष्टालाई सम्मान गरेको छ ।

हरेक वर्ष प्रदान गर्दै आइरहेको सम्मान तथा पुरस्कारबाट संगमले ४ जना स्रष्टालाई सम्मानित गरेको हो । संगमले यसवर्ष गद्य कविता लेखनका थालनीकर्ता 'गोपालप्रसाद रिमाल स्मृति सम्मान'-२०७८ बाट वरिष्ठ कवि तथा नाटककार अविनाश श्रेष्ठलाई सम्मानित गरेको छ । रिमालका परिवारले स्थापना गरेको उक्त सम्मानसहित श्रेष्ठलाई नगद २० हजार एक रुपैयाँ प्रदान गरिएको थियो ।

त्यसैगरी, हेटौंडा उपमहानगरपालिका वडा नम्बर ४ को कार्यालयले प्रगतीवादी कवि श्यामप्रसाद शर्माको स्मृतिमा स्थापना गरेको 'श्यामप्रसाद शर्मा स्मृति सम्मान'-२०७८ बाट साहित्यकार तथा पत्रकार नवराज शर्मा तिमल्सिनालाई सम्मानित गरिएको छ । उनलाई सम्मनपत्रका साथ १५ हजार ५ सय ५५ रुपैयाँ प्रदान गरिएको थियो । यस्तै, हास्यव्यंग्यकार डा. गणेशकुमार पौडेलले स्थापना गरेको 'शान्तिदेवि स्मृति वनखण्डी साहित्य सम्मान'-२०७७ र ०७८ बाट क्रमश: लघुकथाकार तथा कवि श्रीओम श्रेष्ठ (रोदन) र कवि शान्तिप्रिय वन्दनालाई प्रदान गरिएको छ ।

पौडेललेले सासुआमाको नाममा स्थापना गरेको सम्मानसहित जनही १० हजार एक रुपैयाँ प्रदान गरिएको थियो । सम्मानित कवि श्रेष्ठ गोरखापत्र दैनिकका पूर्वप्रधान सम्पादक हुन् ।

साहित्य संगम मकवानपुरका अध्यक्ष अनिता न्यौपानेको अध्यक्षतामा भएको कार्यक्रमको प्रमुख अतिथि साहित्यकार नगेन्द्रराज शर्मा रहेका थिए । कार्यक्रममा साहित्यका पुर्षोत्तम आचायले रिमालको ' आमाको सपना' कविता वाचन गरेका थिए ।

कार्यक्रममा हास्यव्यांग्यकार आरसी रिजाल, सर्जक सञ्जाल मकवानपुरका अध्यक्ष निमेष निखिलले मन्तव्य व्यक्त गरेका थिए । कार्यक्रममा निखिलले रिमाल र श्यामप्रसाद शर्माको व्यक्तित्व र कृतिव्वका बारेमा प्रकाश पारेका थिए ।

कार्यक्रममा साहित्यकार सिएम रिमालले गोपालप्रसाद रिमालको प्रतिमा स्थलको गेट जिर्ण भएकाले नयाँ गेट निर्माण गर्ने प्रतिवद्धता जनाएका छन् ।

यस्तै, कार्यक्रममा साहित्यकार नागेन्द्रराज शर्मा, पावन आलोक, रामप्रसाद पन्तले साहित्य संगमले सञ्चालन गरेको पुष्पलाल स्मृति पुस्तकालयलाई पुस्तक हस्तान्तरण गरेका थिए । साहित्यकारत्रयले पुस्तक संगमकी अध्यक्ष अनिता न्यौपानेलाई हस्तान्तरण गरेका हुन् ।

साहित्यकार पवन आलोक, रामजीप्रसाद पोखरेल, रामप्रसाद पन्त, शंकर भारती, देविकानन्द तिमल्सिना, सिस्नुपानी मकवानपुरका अध्यक्ष राजकुमार लामिछाने, प्रलेश मकवानपुरका अध्यक्ष श्रीराम अधिकारी, झरनाका अध्यक्ष दीपक गौतम, मातृभूमि साहित्य समाजका अध्यक्ष माधव पोखरेल,साहित्यकार देवराज खरेल, फदय रोग निवार प्रतिष्ठान मकवानपुरका सभापति हरिवंश भेटवाल, साहित्यसेवी मुक्तिगोविन्द वैद्य, सुर्दशन फाउण्डेशनका अध्यक्ष सुर्दशन अधिकारीलगायतको सहभागिता रहेको थियो ।





**पार्टी गर्दै हुनुहुन्छ ?**

शुभ-विवाह, ब्रतबन्ध, हरेक प्रकारका पार्टी, सभा, सेमिनार तथा गोष्ठीका लागि हामीलाई सदैव सम्झनुहोस् ।

**जय गणेश पार्टी प्यालेस प्रा.लि.**

हेटौंडा उपमहानगरपालिका-५, अब्बलडाँडा
सानोपोखरा, मकवानपुर
९८५५०२७५१२ (अनिष वाग्ले)

**ग्रामीण महिला सेवा केन्द्र**

हेटौडा-५, मकवानपुर

**कर्मचारी आवश्यकता**

*(प्रथम पटक सूचना प्रकाशित मिति: २०७९/०२/१९ गते)*

यस ग्रामीण महिला सेवा केन्द मकवानपुर जिल्लाकै अग्रणी समुदायमा आधारित गैरसरकारी संस्थाका लागि तपशिलबमोजिमको योग्य जनशक्ति आवश्यक भएकोले ईच्छुक योग्य स्थानीय उम्मेदवारबाट **यहि जेष्ठ २६ गतेसम्म कार्यालय समय भित्रमा** दरखास्त पेश गर्न आव्हान गरिन्छ ।

**पद**: प्रसासन तथा वित्त अधिकृत

**संख्या**: एक (१) जना

**न्यूनतम शैक्षिक योग्यता**: मान्यता प्राप्त शिक्षण संस्थाबाट बाणिज्य संकायमा कम्तिमा स्नातक उतीर्ण गरी १ वर्ष अनुभव भएको ।

**आवश्यक कागजातहरु**

हस्तलिखित निवेदनसहित नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, वायोडाटा (व्यक्तिगत विवरण), पासपोर्ट साइजको फोटो २ प्रति, शैक्षिक योग्यताको प्रमाणपत्रहरु तथा चारित्रिक प्रमाणपत्रहरुको प्रतिलिपी, तालिम तथा कार्य अनुभवको प्रमाणपत्रको प्रतिलिपी संलग्न गर्नुपर्ने ।

**फारम बुझाउने स्थान**: ग्रामीण महिला सेवा केन्द्र, हेटौडा-५, लट्टिनाथ मार्ग

पुनश्च: उच्च शैक्षिक योग्यता, अनुभवी, दलित, महिला तथा अपाङ्गता भएकाहरुलाई विशेष प्राथमिकता दिईनेछ ।

**ग्रामीण महिला सेवा केन्द्र मकवानपुर**

हेटौंडा-५, लट्टिनाथ मार्ग, ०५७-५२४२७८, ९८५५०६११५५

**HETAUDA CITY HOSPITAL PVT.LTD.**

*Hetauda-1, Sub-metropolitan*

***Phone: 057-520315***

**VACANCY ANNOUNCEMENT**

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| S.No. | Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|---|
| 1 | Staff Nurse | Few | 14000-18000 | PCL/NHPC registered |
| 2 | CMA/ANM | Few | Negotiable | TSLC |
| 3 | Receptionist | Few | Negotiable | +2 completed |

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.

***के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?***

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

Printer Shop
*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

**शिक्षक आवश्यकता**

यस यातायात इङ्गलिस बोर्डिङ स्कूल हेटौंडा-१, चौकीटोलमा साईन्स र कम्प्युटर, इङ्गलिस विषय पढाउन शिक्षक तथा शिक्षिकाको आवश्यक परेको हुँदा ईच्छुक महानुभावहरुले तुरुन्त सम्पर्क राख्न हुन अनुरोध गरिन्छ ।

नोट: २ जना मात्र

सम्पर्क नं. : ९८४५२३५२६८ (प्रिन्सिपल)

**जैविक मलका फाइदाहरु**

रासायनिक मल तथा रासायनिक विषादिले बालीनालीको विकास केही हद्सम्म गरेको भएता पनि केही समयको लगातार प्रयोगपछि त्यसले माटोमा भएको प्रभावकारी जीवाणुहरुलाई प्रदुशित बनाई इन्जाईम प्रकृयालाई अवरुद्ध गरेको छ, जसको कारणले माटोमा भएका सबै प्रकारका प्रभावकारी जीवाणु व्याक्टेरियाको विनास भई माटो अम्लीय हुने, माटोमा पानी अड्ने क्षमतामा ह्रास आई चिस्यान कम हुने, बिरुवाको जरा माटोमा प्रभावकारी तरिकाले फैलन नपाउने, बिरुवाले आवश्यक खाद्यतत्व पूरा गर्न नसकी बिरुवा कमजोर हुने, बढ्दो जलवायु परिवर्तन र सो ले पारेको पर्यावरणीय असरमा कमी नआउने, वातावरण प्रदषित क्रम बढ्दो मात्रामा रहने, विभिन्न प्रकारका रोगहरु लाग्ने तथा किरा नियन्त्रणको लागि रासायनिक विषादि प्रयोग गर्दै जाँदा ती शत्रु जीवाणुहरुमा विष पचाउने क्षमतामा बृद्धि भई प्रत्येकपटक विषादिको मात्रा बढाउँदै लैजानुपर्ने अवस्था, जसको कारण आज मानिस प्रत्येक खाद्य सामग्री कृषि उपज विषादियुक्त खान बाध्य छ । फलस्वरुप मानवमा विभिन्न प्रकारका रोगहरुको महामारी फैलिएको छ ।

*त्यसैले जैविक मल नै प्रयोग गरौं । स्वस्थ कृषि उपज उत्पादनमा जोड दिऔं*

**सामुदायिक कृषि सहकारी संस्था लि.**

पाइने स्थान:
हेटौंडा-८, कमाने
९८५५०६९०८६ राजेन्द्र ढकाल


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सबिन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना